**बैठक नं ५१** मिति : २०७६/०१/०८

आज मिति २०७६ साल वैशाख ०८ गते सोमवार विहान ३.०० बजे खँदवारी नगर कार्यपालिकाका प्रमुख श्री मुरारीप्रसाद खतिवडा ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको उकाउन्नौ बैठक वसी देहाय अनुसारको प्रस्तावहरु माथि छलफल गरी सर्वसम्मत निर्णय गरियो।

उपस्थिति

| | | |
|---|---|---|
| १. | नगर कार्यपालिका प्रमुख | श्री मुरारीप्रसाद खतिवडा |
| २. | नगर कार्यपालिका उप-प्रमुख | श्री डेगेश्वरी श्रेष्ठ |
| ३. | नगर कार्यपालिका सदस्य, वडा नं १ | श्री निरञ्जन श्रेष्ठ |
| ४. | का.वा.नगर कार्यपालिका सदस्य, वडा नं २ | श्री ज्ञानवहादुर श्रेष्ठ |
| ५. | नगर कार्यपालिका सदस्य, वडा नं ३ | श्री देवराज घिमिरे |
| ६. | नगर कार्यपालिका सदस्य, वडा नं ४ | श्री सजित राई |
| ७. | नगर कार्यपालिका सदस्य, वडा नं ५ | श्री श्यामप्रसाद निरौला |
| ८. | नगर कार्यपालिका सदस्य, वडा नं ६ | श्री दयानिधी वराल |
| ९. | नगर कार्यपालिका सदस्य, वडा नं ७ | श्री मौसम आले मगर |
| १०. | नगर कार्यपालिका सदस्य, वडा नं ८ | श्री डम्वरवहादुर कटुवाल |
| ११. | नगर कार्यपालिका सदस्य, वडा नं ९ | श्री टिकाराम कुमाल |
| १२. | का.वा.नगर कार्यपालिकासदस्य, वडा नं १० | श्री केशवराजसिं थापा |
| १३. | नगर कार्यपालिका सदस्य, वडा नं ११ | श्री नगेन्द्र गुरुङ्ग |
| १४. | नगर कार्यपालिका सदस्य, वडा नं ३ | श्री सुनीता कटुवाल कार्की |
| १५. | नगर कार्यपालिका सदस्य, वडा नं १ | श्री कुङ्गाङ लामा |
| १६. | नगर कार्यपालिका सदस्य, वडा नं २ | श्री वालकुमारी सोडारी |
| १७. | नगर कार्यपालिका सदस्य, वडा नं ३ | श्री इन्द्रमाया वराइली |
| १८. | नगर कार्यपालिका सदस्य, वडा नं ४ | श्री गोपी घिमिरे |
| १९. | नगर कार्यपालिका सदस्य, वडा नं १० | श्री चन्द्रकला तामाङ्ग |
| २०. | नगर कार्यपालिका सदस्य, वडा नं ८ | श्री लक्ष्मी राई सुनुवार |
| २१. | नगर कार्यपालिका सदस्य, वडा नं १० | श्री पदमलाल सार्की |
| २२. | नगर कार्यपालिका सचिव | श्री कोमलप्रसाद धमला |

२३. ना.सु. प्रशासन योजना तथा अनुगमन शाखा –वैठक निर्णय लेखन, गणेश श्रेष्ठ

आमन्त्रीत

१, श्री दीपकमणि घिमिरे, शाखा अधिकृत, शिक्षा शाखा

२, श्री लवहाङ्ग राई, शाखा अधिकृत, प्रशासन योजना तथा अनुगमन शाखा

३, श्री श्री रुद्रमणि श्रेष्ठ, लेखा शाखा प्रमुख

४, श्री सन्तोष चापागाई, निजि सचिव, प्रमुख

**निर्णयहरु**

१, खाँदवारी नगरपालिकाको विभिन्न कार्यक्रमहरु संचालनका लागी आवश्यक पर्ने पर्ने वैठक हल/सभा हल तत्काल नहुनाले कार्यपालिकाको नियमित वैठक तथा अन्य विविध तालिम गोष्ठी सेमीनार एवं अन्य कार्यक्रम सहज रुपले संचालन गर्नको लागी अत्यन्तै कठिन भएको । तर हाल सम्म सो सभा हल निर्माण कार्य गर्न नसकीरहेको हुँदा कार्यालयवाट आयोजना हुने विविध कार्यक्रमहरु प्रत्यक्षरुपमा प्रभावित रहेको यथार्थलाई मध्यनजर गर्दे आसन्न नगरको चौथो नगरसभा सम्पन्न गर्नको लागी तत्काल कार्यालय परिसरमा रहेको कार्यालय भवनको छत अर्थात टप लेवलको छतमाथी अस्थायीरुपले सभा हल निर्माण गर्न जरुरी भएको महशुस भएको छ । तसर्थ सो स्थानमा नगरको तेस्रो नगरसभावाट विनियोजन भएको मर्मत सम्भार कोष शिर्षकमा रहेको रकमवाट रु ८५६९५६।६६ (आठ लाख उनान्सत्तरी हजार नौ छपन्न पैसा छैसठी) रकमान्तर गर्ने ।

क, खाँदवारी नगरपालिकामा रहेको तल्लो भवन (ख) को माथील्लो तलाको छतमा स्टील ट्रस निर्माण निर्माण गर्नको लागी प्राविधिक शाखा वाट पेश भएको लगत अनुमानका आधारमा रु ४३२८६८।६६ ट्रस निर्माण निर्माणको लागी खर्च गर्ने ।

ख, खाँदवारी नगरपालिकामा रहेको तल्लो भवन (ख) को माथील्लो तलाको छतमा स्टील ट्रसमा छानाको रुपमा प्रयोग गरिने upvc का लागी नगर सभा वाट विनियोजन भएको मर्मत सम्भारकोष शिर्षक वाट प्राविधिक लगत इष्टिमेटका आधारमा रु ४२३९८८।०० चारलाख तेइस हजार नौ सय अठासी मात्र (भ्याट सहित) रकम रकमान्तर गरि कार्यान्वियन गर्ने ।

२, नगरकार्यपालिकाको नियमित वैठक हल विगत स्थापना काल भन्दा अगाडी देखि निरन्तररुपमा संचालन हुदै आएको र कार्यालय भन्दा वाहिरको विभिन्न तालिम गोष्ठी संचालन हुदै आएकोले हाल सो हल मर्मत नगरिनहुने अवस्था रहेको हुँदा प्राविधिक शाखा वाट पेश हुने लगत इष्टिमेटका आधारमा मर्मत संभार कोष मा विनियोजित रकम वाट खर्च हुने गरि नियमानुसार सो हल तथा फर्निचर ब्यवस्था गर्ने ।

३, कार्यालय परिषरमा रहेको १ नं भवनको भुईतलाको विच भागमा रहेको खाल्डो मर्मत गरि कार्यालयको सौन्दर्य अभिवृद्धि गर्नको लागी पोखरी निर्माण गर्ने तथा लवीको अन्य भागमा मार्वल जडान गरि सेवाग्राहि प्रतिक्षालयको रुपमा उपयोग गर्ने । नगरको तेस्रो नगरसभा वाट विनियोजन भएको वित्तीयसमानिकरण खर्च शिर्षक नं ३११७१ पुजीगत सुधार खर्च, सार्वजनीक निर्माण खर्चवाट प्राविधिक शाखा वाट पेश भएको लगत इष्टिमेटका आधारमा खर्च गर्ने । र सो संसोधन आगामी नगर सभावाट समर्थन गर्ने ।

४, नगरपालिकामा विभिन्न टोल विकास सस्थाहरु एवं नवनिर्मित वाटोहरुमा ढल तथा खोला खोल्सीमा प्रयोग गर्नको लागी विभिन्न उपभोक्ता समितिहरुवाट माग भई आएका ह्युम पाइपहरु आवश्यक भएकोले तेस्रो नगरसभा वाट विनियोजन भएको मर्मत सम्भार कोष वाट खर्च लेख्ने गरि रु ५००००० (पाँचा लाख मात्र) रकम रकमान्तर गर्ने र सो संसोधन आगामी नगर सभा वाट समर्थन गर्ने ।

५, खाँदवारी गरपालिकाको ११ वटै वडाहरुको नगर प्रोफायल निर्माणका लागी आवश्यक पर्ने तथ्यांक संकलनका लागी आवश्यक पर्ने जनशक्ती सम्वन्धित वडाहरुवाट सोहि वडाका नागरिकहरु पर्ने गरि कम्तीमा ३ जना स्वयंसेवक माग गर्ने र निजहरुलाई वडाको प्रत्येक घरधुरीमा गई आवश्यक सुचना संकलन गरे वापत प्रत्येक फारामको रु ५०। पचास उपलब्ध गराउने साथै सो रकम नगरपर्यटन गूरुयोजना निर्माण शिर्षकमा रहेको रकम साथै नगर कृषिविकास योजना तयारी शिर्षकमा विनियोजन भएको रकम वाट खर्च हुने गर्ने । स्वयंसेवक छनौट कार्यका लागी सम्वन्धित वडा वाट नै छनौट गरि ७ दिन भित्र पठाउने ।

६, खादवारी नगरपालिका कार्यालय परिषरमा रहेको दुवै वटा भवनमा दैनिक रुपमा सरसफाई तथा सौचालयहरु सरसफाई नियमित रुपमा गर्नपर्ने भएको हुदा जिल्ला सप्तरीका वावु रति मरिक डोमका छोरा हाल खादवारी अस्पतालमा करारमा कार्यरत कुसाई मरिक डोम लाई विगत २०७५ साल पौष महिना देखि नियमित रुपमा सौचालय र कार्यालय परिसर सरसफाई गर्दे आएको हुँदा निजलाई मासिक रु ४०००। चार हजारका दरले २०७५ पौष महिना देखि पारिश्रमिक दिने गरि करारमा सेवा लिने ।

७, खाँदवारी नगरपालिकाको वार्षीक बजेटको आकार बड्दै गएको कार्यालयका दैनिक कार्यका अतिरिक्त न.पा.,संघ,प्रदेशका योजना आयोजना एवं घर नक्सा लगायत अन्य बिबिध पुर्वाधार विकासको कार्य गर्न हाल कार्यालयमा एक जना मात्र सिभिल इन्जिनिय मात्र रहेको र सो म्यान पावरले मात्र नम्याउने महसुस गरि एक सिभिल इन्जिनिय ( अधिकृत स्तर छैटौं) करार सेवामा लिने साथै नगरपालिकामा कार्यरत अशिष्टेन सव इन्जिनियर श्री वसन्त राईले हालै दिएको राजीनामा स्वीकृत भई सकेको हुँदा कार्यालयमा खाली रहेको सोहि दरवन्दिमा विज्ञापन गरि उक्त पद पद्पुर्ती गर्ने । इन्जिनियरको हकमा योजना तथा आयोजनाको contingency बाट मासिक तवल भत्ता उपलब्ध गराउने । साथैं सो कर्मचारीहरुको सो पदहरुको ७ दिने सूचना प्रकाशीत गरि देहायको पद्पुर्ती समितिले छनौट गरि नियुक्ती गर्नको लागी सिफारिस गर्ने ।

**देहाय**

क, प्रमुख प्रशासकीय अधिकृत, खाँदवारी नगरपालिका, संयोजक

ख, जिल्ला प्रशासन कार्यालय, प्रतिनिधि, अधिकृत स्तर, सदस्य

ग, कोष तथा लेखा नियन्त्रक कार्यालय, खाँदवारी, प्रतिनिधि, अधिकृत स्तर, सदस्य

घ, पुर्वाधार विकास कार्यालय, प्रमुख, सदस्य

ङ, प्रशासन योजना तथा अनुगमन शाखा प्रमुख, खाँदवारी नगरपालिका सदस्य, सचिव

८, नगरपालिका प्रमुख, उप प्रमुख, वडा अध्यक्षहरु, कार्यपालिकाका सदस्यहरु एवं सभासदहरुको लागी वैठक एवं औपचारिक कार्यक्रममा सहभागी हुँदा आफ्नो पहिचान हुने गरि देहाय अनुसारको पोशाक लगाउने ।

**देहाय**

१, पूरुषको हकमा : कालो भादगाउँले टोपी, अल्लोको कोट/स्टकोट, खाडीको सेतो दौरा सुरुवाल र कालो छालाको जुत्ता ।

२, महिलाको हकमाः ढाकाको साडी र चौवन्दी चोलो/ब्लाउज, अल्लोको कोट/इष्टकोट ।

९, मंगलादेवीथानमा रहेको अस्थायी प्रहरी ब्रिटको मर्मत संभारका लागी मर्मत संभार कोषवाट खर्च ब्यहोर्ने गरि रु १ लाख छुट्याउने ।